Youth
SPEAK OUT
2021

**Wall of Hope Campaign**
Chakupat, Patandhoka, Lalitpur
www.wallofhopecampaign.org
Email: wallofhope@hrffn.org

## विद्यार्थीहरुलाई निर्देशन

यहि डिसेम्बर १०, २०२० देखि सुरु भई मार्च ०८, २०२१ सम्म सञ्चालन भइहेको युथ स्पिक आउट राष्ट्रिय अभियानमा सहभागि हुन तपाईंले महिला तथा युवतीहरु उपर हिंसाका घटनाहरुका विषयमा करिब १ देखि २ मिनेटसम्म आफुले तयार पारेको भिडियो बनाउनुपर्नेछ ।

सर्वप्रथम, देश तथा विदेशमा महिलाहरु माथि हुने हिंसाका घटनाका विषयमा आफुले खोज गर्ने । विषयहरु बेचबिखन, बाल विवाह, महिलाहरु माथि सडक हिँड्दा हुने उत्पीडन, दाईजो प्रथा, अपशब्द प्रयोग, दम्पत्तीबाट हुने बलात्कार, कार्यस्थलमा हुने उत्पीडन, बोक्सीको नाममा महिलाहरु माथि हुने कुटपिट, महिनावारीमा जबरजस्ती घर बाहिर राख्ने प्रथा, बलात्कार, एसिड आक्रमण, शारीरिक यातना, शैक्षिक अवसरबाट वञ्चितिकरण, हेप्नु, सार्वजनिक सवारीमा हुने यौनजन्य हिंसा, साईबर अपराध, Female Genital Mutilation हुन सक्छन् ।

खोज गरिरहँदा लैगिंक हिंसा न्युनिकरणका लागि काम गरिरहेका संस्थाहरुको वेबसाईटमा राखिएका सामाग्रीहरु अध्ययन गर्ने । समाचार सामाग्रीहरु अध्ययन गर्ने । साथी, परिवारजन तथा शिक्षकहरुसँग संवाद गर्ने । नोट्स लिने । नोट्स अध्ययन गर्ने । आफुले व्यक्त गर्ने चाहेको विषयका बारेमा मनन गर्ने । उत्कृष्ट वक्तृत्वहरु कस्ता हुन्छन् भन्ने बारे युट्युब भिडियोहरु हेर्ने । अन्त्यमा, निर्णायकहरुले एक उत्कृष्ट वक्तृत्वमा के खोज्छन् होला त ? भनेर सोच्ने । तपाईंले प्रस्तुत गर्न लागेको मुख्य बुँदाहरु के - के हुन् ? दोहोर्याउनुपर्ने बुँदाहरु के - के हुन् ? तपाई मुख्यत: के आवाज उठाउन चाहनुहुन्छ ?

त्यस पश्चात् आफुलाई सरल तथा सजिलो लाग्ने कुनै पनि भाषामा प्रमाणमा आधारित वक्तृत्व लेख्ने । प्रमाणमा आधारित वक्तृत्व लेखिरहँदा सकेसम्म तथ्यांकको प्रयोग गर्ने, व्यक्तिगत अनुभव सम्प्रेषण गर्ने, सत्यमा आधारित कथालगायतका सामाग्रीहरु संक्षिप्त रुपमा प्रयोग गर्ने । वक्तृत्वमा समावेश गरिएका तथ्यांकहरु विश्वसनीय साईटहरुबाट लिएका हुन् र समसामयिक छन् भनेर सुनिश्चित गर्नुहोला । उदाहरणका लागि केही भिडियो तथा

Wall of Hope Campaign
Chakupat, Patandhoka, Lalitpur
www.wallofhopecampaign.org
Email: wallofhope@hrffn.org

रेफरेन्स सामाग्रीहरु वेबसाईट https://wallofhopecampaign.org/ मा उपलब्ध छन् ।

फेब्रुअरी १० तारिक सम्ममा आफ्नो १ अथवा २ मिनेटको भिडियो तपाईँको शिक्षकले सहजीकरण गरेको अनलाइन कक्षामा अथवा अनलाइन समूदायमा साझा गर्नुहोस् । नेपाली अथवा अंग्रेजी भाषाभन्दा फरक भाषामा भिडियो बनाइएका छन् भने त्यसको अनुवादमा हामीलाई तपाईँको सहायतको आवश्यक्ता पर्न सक्छ ।

मानव अधिकारवादी अभियन्ता, शिक्षक, महिला अधिकारका क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिलगायतका व्यक्तित्वहरुको निर्णायक मण्डलले उत्कृष्ट मध्येको सर्वोत्कृष्ट वक्तृत्व छनौट गर्नेछन् । उक्त वक्तृत्वहरुलाई छायांकन गरि राष्ट्रिय टेलिभिजनहरुबाट प्रसारण गरिनेछ ।

यदि तपाइँ कुनै विद्यालयमा हुनुहुन्न तर १४ देखि १६ उमेर समुहमा पर्नुहुन्छ र सहभागि हुन चाहनुहुन्छ भने फेब्रुअरी १५ तारिख, २०२१ भन्दा अगाडी सम्म तल उल्लेखित गुगल फाराम भर्नुहोला अथवा आफ्नो वक्तृत्वको भिडियो wallofhope@hrffn.org मा ईमेल गर्नुहोला :
गुगल फाराम :
https://docs.google.com/forms/d/e/1FAIpQLSdaMiutPM280RbWj_6zg0_ioUVgj5lJ3SQ6jRL6a9q_PbDsGw/viewform?gxids=7628

**Wall of Hope Campaign**
Chakupat, Patandhoka, Lalitpur
www.wallofhopecampaign.org
Email: wallofhope@hrffn.org

**निर्णायक मापदण्ड**

| | | |
|---|---|---|
| विषयवस्तु | ज्ञान | १० |
| | मौलिकता | १० |
| | प्रस्तुतीकरण | १० |
| | समय | १० |
| शैली | प्रवाह | १० |
| | शारिरीक हाउभाउ | १० |
| वाई एस ओ फैक्टर | तैयारी | १० |
| | समानुभूति | १० |
| | सिर्जनशीलता | १० |
| | उत्सुकता | १० |
| कुल संख्या | | १०० |